फोन नं. : ०६१-५३३६१३/९८५६००७१००
ईमेल : pmamp.piu.kaski@gmail.com
website :www.piukaski.pmamp.gov.np
facebook page: Pmamp Piu Kaski

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना**
**परियोजना कार्यान्वयन एकाई**
**पोखरा, कास्की**

प.स. ०७९/०८०
च.न.

मिति: २०७९/७/३०

**न्यूनतम समर्थन मूल्यमा धान खरिद तथा व्यवस्थापन गर्न कास्की जिल्लाका सहकारी संस्थाहरुको लागि सूचना ।**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ,परियोजना ब्यवस्थापन एकाइको मिति २०७९/०७/२९ गते गोरखापत्रमा प्रकाशित सूचना बमोजिम नेपाल सरकार मन्त्रिपरिषद बाट मिति २०७७/०७/०४ मा स्विकृत न्यूनतम समर्थन मूल्यमा धान खरिद तथा ब्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका २०७७ बमोजिम कास्की जिल्लाभित्र धान खरिद गर्न चाहाने इच्छुक सहकारी संस्थाहरुले यस आ.व २०७९/८० को लागि यस एकाइमा सुचिकृत भइ तपशिल वमोजिमको कार्यहरु गर्नु/गराउन अनुरोध गरिन्छ ।

तपशिल:

१. कास्की जिल्ला भित्र धान खरिद गर्न चाहाने सहकारी संस्थाहरुले धान खरिद गर्ने स्थानिय तह र वडा समेत खुलाई कार्यक्षेत्र माग गर्ने तथा न्यूनतम समर्थन धान खरिद तथा व्यावस्थापन गर्ने सम्बन्धी निर्देशिका २०७७ को दफा ४ बमोजिम आवश्यक कागजात सहित सुचिकरणको लागि यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र यस परियोजना कार्यान्वयन एकाई कास्कीमा निवेदन पेश गर्ने ।

२. धान उत्पादकहरुको विवरण संकलन गरि धानको अनुमानित परिमाणको एकिकृत विवरण परियोजना कार्यान्वयन ईकाई कास्कीमा उपलब्ध गराउनु पर्ने ।

३. नेपाल सरकारले निर्धारिण गरेको धानको न्यूनतम समर्थन मूल्य मोटा धान रु २९६७/- प्रति क्विन्टल र मध्यम धान रु. ३१२८/- प्रति क्विन्टनलमा धान खरिद गर्ने व्यवस्था मिलाउने ।

४. सहकारी संस्थाले धान खरिद गर्दा बढीमा १८ प्रतिशत सम्म चिस्यान भएको धान न्युनतम समर्थन मूल्यमा खरिद गर्नुपर्ने र सो भन्दा बढी चिस्यान भएमा प्रति एक प्रतिशत बढि चिस्यान बराबर १२०० ग्राम प्रति क्वीन्टलका दरले हुन आउने तौललाई घटाई कायम हुन आउने तौलका आधारमा खरिद गर्ने ।

५. सहकारी संस्थाहरुले उत्पादकहरू बाट धान खरिद गरेको मितिले १५ दिन भित्र सम्बन्धितको बैंक खातामा रकम भुक्तानी गर्नुपर्ने ।

६. न्युनतम समर्थन मूल्यमा धान खरिद तथा व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका बमोजिम कार्य सम्पन्न पश्चात धानको भण्डारण सुरक्षा र प्याकेजिङ्ग लगायतको व्यवस्थापन खर्चको लागि प्रति क्वीन्टल एक सय बाह्र रुपैयाको दरले खरिद गरेको धानको परिमाण बमोजिम हुन आउने अनुदान बापतको एकमुकष्ट रकम सम्बन्धित सूचिकृत सहकारीको बैंक खातामा जम्मा गरिदिने छ ।

*अन्य व्यवस्था न्यूनतम समर्थन मूल्यमा धान खरिद तथा व्यवस्थान गर्ने सम्बन्धी निर्देशिका २०७७ बमोजिम हुनेछ । थप जानाकारीको लागि यस परियोजना कार्यान्वयन इकाई कास्की कार्यालयको सम्पर्क नं ९८५६००७१०० ,९८५६००७१०१ ०६१ –५३३६१३*

..............

रोशन अधिकारी
वरिष्ठ कृषि अधिकृत

"आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकिकरण,विशिष्टीकरण र औद्योगिकीकरण"